# गणित केन्द्रीय विभाग अल्मुनाई एसोसिएसन नेपाल

# विधान २०८०

**प्रस्तावना**

त्रिभुवन विश्वविद्यालय गणित केन्द्रीय विभागबाट स्नातकोत्तर वा सोभन्दा माथिल्लो तह वा उपाधि प्राप्त गरी स्वदेश तथा विदेशमा रहनुभई विभिन्न पेशा वा व्यवसाय गर्दै आउँनुभएका पूर्व विद्यार्थीहरु विभागको हितमा काम गर्न, आपसी सहयोग र सम्बन्ध स्थापना गर्न एवं गणित विषयको अध्ययन, अध्यापन, अनुसन्धान तथा विकासका लागि सबैलाई सक्रिय सहभागी बनाई काम गर्न संगठित हुनुपर्ने आवश्यकतालाई महसुस गरी "गणित केन्द्रीय विभाग अल्मुनाई एसोसिएसन, नेपाल" स्थापना गरी सञ्चालन गर्न आवश्यक भएकोले यो विधान बनाईएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संस्थाको नाम :**

यस संस्थाको नाम "गणित केन्द्रीय विभाग अल्मुनाई एसोसिएसन, नेपाल" रहनेछ र अंग्रेजीमा CENTRAL DEPARTMENT OF MATHEMATICS ALUMNI ASSOCIATION, NEPAL रहनेछ । छोटकरीमा CDM Alumni, Nepal भनिने छ ।

क) संस्थाको कार्यालय रहने ठेगाना : संस्थाको कार्यालय गणित केन्द्रीय विभाग, कीर्तिपुरमा रहनेछ ।

ख) संस्थाको कार्य क्षेत्र : संस्थाको कार्य क्षेत्र स्वदेश तथा विदेशमा समेत रहनेछ ।

ग) प्रारम्भ : यो विधान स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

घ) संस्थाको अस्तित्व : संस्था एक गैर नाफामूलक, गैर राजनैतिक तथा गैर सरकारी सामाजिक संस्था हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा :**

क) "विभाग" भन्नाले गणित केन्द्रीय विभागलाई सम्झनु पर्दछ ।

ख) "विधान" भन्नाले गणित केन्द्रीय विभाग अल्मुनाई एसोसिएसन, नेपालको विधानलाई सम्झनु पर्दछ ।

ग) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय लाई सम्झनु पर्दछ ।

घ) "संस्था" भन्नाले गणित केन्द्रीय विभाग अल्मुनाई एसोसिएसन, नेपाल सम्झनु पर्दछ ।

ङ) "समिति" भन्नाले विधानको दफा १३ बमोजिम गठन भएको कार्य समितिलाई सम्झनु पर्दछ ।

च) "साधारण सभा" भन्नाले संस्थाको साधारण सभालाई सम्झनु पर्दछ ।

छ) "अधिवेशन" भन्नाले विधानमा उल्लेख भए बमोजिम हुने अधिवेशनलाई सम्झनु पर्दछ ।

ज) "पदाधिकारी" भन्नाले संस्थाका पदाधिकारीहरुलाई सम्झनु पर्दछ ।

झ) तोकिएको वा तोकिए बमोजिम भन्नाले विधानमा तोकिएको वा तोकिए बमोजिमको प्रावधानलाई जनाउनेछ ।

**३. संस्थाको छाप:** गणित केन्द्रीय विभागको नियम र उद्धेश्य तथा प्रचलित कानूनको प्रतिकूल नहुने गरी विधानको अनुसूची १ बमोजिमको ढाँचामा संस्थाको एउटा छुट्टै छाप हुनेछ ।

## परिच्छेद-२
## उद्देश्य

**४. संस्थाका उद्देश्यहरु :**

यस संस्थाका उद्देश्यहरु देहाय बमोजिम रहनेछन् ।

क) शैक्षिक गुणस्तर तथा अनुसन्धानको निम्ति प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सहयोग गर्ने, गराउने ।

ख)	विभागलाई प्राज्ञिक उत्कृष्टताको केन्द्रको रुपमा विकास गर्न र दिगो बनाउन सदस्यहरुको क्षमता अभिवृद्धि तथा उपयोग गर्ने, गराउने ।

ग)	विषयगत दक्षता भएका व्यक्तिहरुको पहिचान गरी तिनीहरुको ज्ञान, सीपको प्रयोग गरी प्राज्ञिक उन्नयनमा लगाउने ।

घ)	सामाजिक महत्वको विषयमा जागरुक बनाउनुका साथै राष्ट्रिय र सामाजिक उत्तरदायित्व बढाउन सदस्यहरु बीच छलफल आदान प्रदान गर्ने र तत् सम्बन्धमा कार्य गर्न गराउनुका साथै विद्यार्थी र समाजका विभिन्न वर्गसँग समन्वय गरी कार्य गर्ने ।

ङ)	सदस्यहरु बीच आपसी सद्भाव बढाउन तथा सम्बन्ध दिगो बनाउन ALUMNI लाई एक महत्वपूर्ण मञ्चको रुपमा विकास गर्ने ।

च)	गणितको महत्वलाई उद्योग र समाजमा स्थापित गराई सोको प्रयोग गर्न विभिन्न परियोजनाहरु सञ्चालन गर्ने, गराउने ।

**५.	संस्थाका उद्देश्यहरु प्राप्त गर्न गरिने कार्यहरु :**

संस्थाका उद्देश्यहरु प्राप्त गर्नका लागि देहाय बमोजिमका कार्यहरु गरिनेछ ।

क)	संस्थालाई आवश्यक पर्ने भवन भाडामा लिई वा निर्माण गरी आवश्यक पर्ने टेलिफोन, कम्प्युटर, फ्याक्स, फर्निचर, सवारी साधन आदि सामानहरु खरिद वा भाडामा लिई प्रयोग गर्ने ।

ख)	संस्थालाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्त गर्ने तथा निजहरुको सेवा शर्त निर्धारण गर्ने ।

ग)	संस्थाको उद्देश्य कार्यान्वयनको लागि गोष्ठी, सेमिनार, भेला, छलफल आदि कार्य गर्नुका अतिरिक्त अन्य संघ संस्था एवं सम्बन्धित दाताहरु, सरकारी निकायहरुसँग समन्वय गरी कार्य गर्ने ।

घ)	सरकारी, गैरसरकारी, स्वदेशी तथा विदेशी संघ संस्थाहरुको समन्वयमा आवश्यक सहयोग आदान प्रदान गरी उपलब्धिमूलक क्रियाकलापहरु गर्ने ।

ङ)	सदस्यहरुको सम्बन्ध विभागसँग जोड्ने र एक अर्का बीच सहयोगको आदान प्रदान गर्ने ।

च)	विभागको विकास र संरक्षणका लागि सदस्यहरुको क्षमतालाई बढी भन्दा बढी उपयोग गर्ने ।

छ)	संस्थाका गतिविधिहरु समेटेर आवधिक रुपमा बुलेटिन प्रकाशन गर्ने साथै अनुसन्धानात्मक पत्रिका समेत प्रकाशन गर्ने ।

## परिच्छेद-३
## सदस्यता

**६.	सदस्यहरुको वर्गीकरण :** संस्थामा देहाय बमोजिमका सदस्यहरु रहने छन् ।

क)	साधारण सदस्य :

विधानको दफा ७ बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले तोकिएको प्रक्रिया अनुसार आवेदन भरी सदस्यता प्राप्त गर्ने व्यक्तिहरु साधारण सदस्य हुनेछन् ।

ख)	संस्थापक सदस्य :

संस्था स्थापनाको लागि विधानमा उल्लेखित पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । प्रथम भेलामा उपस्थित पूर्व बिद्यार्थीहरु संस्थापक साधारण सदस्य हुनेछन् । तर संस्थापक सदस्य तथा संस्थापक साधारण सदस्यहरुले समेत संस्थाको साधारण वा आजीवन सदस्यता लिएर विधान बमोजिम शुल्क बुझाउनु पर्नेछ ।

ग)	आजीवन सदस्य :

विधानको दफा ७ बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुले तोकिएको प्रक्रिया अनुसार आवेदन भरी सदस्यता प्राप्त गर्ने व्यक्तिहरु आजीवन सदस्य हुनेछन् ।

घ)	मानार्थ सदस्य :

संस्थाले उपयुक्त ठहर गरेका समाजसेवी तथा प्रतिष्ठित स्वदेशी तथा विदेशी नागरिकहरु संस्थाको मानार्थ सदस्य हुनेछन् । तर मानार्थ सदस्यहरुको मताधिकार रहने छैन ।

७. **सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :** संस्थाको सदस्यता प्राप्तिको लागि निम्न बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

क) विभागबाट स्नातकोत्तर, एमफिल र पिएचडि तह/उपाधि वा सो भन्दा माथिल्लो डिग्री प्राप्त गरेका व्यक्तिहरु संस्थाको साधारण सदस्य र आजीवन सदस्य हुन सक्नेछन् ।

ख) मानसिक अवस्था ठीक भएको ।

ग) सार्वजनिक सम्पत्ति हिनामिना नगरेको ।

घ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको ।

८. **सदस्यताको समाप्ति :**

देहायको अवस्थामा कुनै पनि सदस्यको सदस्यता समाप्त हुनेछ :

क) विधानको दफा ६ र ७ बमोजिम सदस्यता प्राप्त गर्न नसक्ने व्यक्तिले सदस्यता प्राप्त गरेको भएमा ।

ख) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा ।

ग) साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

घ) संस्थाको काम कारवाहीमा बेइमान वा बदनियत गरेको कुरा प्रमाणित भएमा ।

ङ) विधान बमोजिम संस्थाका सदस्यहरुले गर्न नहुने भनी संस्थाले तोकेको कुनै कार्य गरेमा ।

च) सदस्यता नवीकरण नगरेमा ।

छ) कुनै कारणवश संस्था खारेज गर्ने निर्णय भएमा ।

ज) सदस्यको मृत्यु भएमा ।

झ) तर नैतिक पतन तथा फौजदारी अभियोग लागेमा सदस्यता स्वत: निलम्बन हुनेछ ।

९. **सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने कार्यविधि :** विधानको दफा ६ बमोजिमका सदस्यहरुले देहाय बमोजिमका प्रावधान अनुरुप प्रक्रिया पूरा गरी शुल्क तिरेपछि सदस्यता प्राप्त गर्न सक्नेछन् ।

१. साधारण सदस्य :

क) साधारण सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले सदस्यता शुल्क बापत रु २००।- (दुई सय) बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गरेमा कार्यसमितिको निर्णयबाट साधारण सदस्यता प्रदान गर्न सकिनेछ ।

ख) साधारण सदस्यता प्राप्त गर्ने व्यक्तिले वार्षिक नवीकरण शुल्क रु १००।- (एक सय) बुझाउनु पर्नेछ ।

२. आजीवन सदस्य : आजीवन सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले रु २१००।- (एक्काईस सय) बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गरेमा कार्यसमितिको निर्णयबाट आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

३. मानार्थ सदस्य : साधारण सभाको निर्णयले उपयुक्त ठानेको कुनै पनि समाजसेवी तथा प्रतिष्ठित व्यक्तिलाई मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ ।

४. आवेदकलाई सदस्यता प्रदान नगर्ने निर्णय भएमा सो को कारण सहितको जानकारी आवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद-४
## साधारण सभा तथा अधिवेशन सम्बन्धी व्यवस्था

१०. **साधारण सभा तथा अधिवेशन :** विधानको दफा ७ अनुरुप सदस्यता प्राप्त गर्ने मानार्थ र सम्बद्ध सदस्यहरु वाहेक अन्य सम्पूर्ण सदस्यहरु सहितको साधारण सभा तथा अधिवेशन हुनेछ । मानार्थ र सम्बद्ध सदस्यहरु

साधारण सभा तथा अधिवेशनमा आमन्त्रित सदस्यको रुपमा रहने छन् । साथै साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

१. संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ ।

क) साधारण सभा : वर्षको एक पटक साधारण सभा हुनेछ ।

ख) आवश्यक परेमा कुनैपनि समयमा एक चौथाई सदस्यहरुले साधारण सभाको माग गरेमा माग गरेको मितिले एक महिना भित्र विशेष साधारण सभा बोलाउन सकिनेछ । उक्त विशेष साधारण सभामा पेश भएका विषयहरु सभाको दुई तिहाई बहुमतले टुङ्गयाउनु पर्नेछ ।

ग) संस्थाको साधारण सभा तथा अधिवेशन गर्नको लागि घटिमा १५ दिन अगावै साधारण सभा तथा अधिवेशन हुने स्थान, मिति, समय र छलफल गर्ने विषयहरु उल्लेख गरी संस्थाका सबै सदस्यहरुलाई अनिवार्य रुपमा सूचना दिनु पर्नेछ ।

घ) खण्ड (ग) बमोजिम बोलाइएको साधारण सभा विधानको दफा १२ बमोजिम गणपूरक संख्या नपुगी साधारण सभा हुन नसकेमा घटीमा ७ दिनको म्याद दिई पुनः बोलाइने छ ।

ङ) प्राकृतिक प्रकोप, माहामारी वा द्वन्द जस्ता असहज परिस्थिति उत्पन्न भई अधिवेशन गर्न नसकिने अवस्था सिर्जना भएमा कार्यसमितिको निर्णयबाट बढीमा एक वर्ष कार्यकाल थप गर्न सकिनेछ ।

च) साधारण सभाबाट भएका निर्णयहरुको निर्णय पुस्तिका राखिनेछ ।

२. संस्थाको अधिवेशन देहाय बमोजिम हुनेछ ।

क) संस्थाको अधिवेशन हरेक तीन (३) वर्षमा हुनेछ । तेस्रो वर्षको अन्तिम छ (६) महिना भित्र अधिवेशन गराइ सक्नुपर्नेछ ।

ख) संस्थाको प्रथम अधिवेशन संस्था स्थापना भएको मितिले नौ (९) महिनाभित्र गर्नुपर्नेछ ।

## ११. साधारण सभाको काम, कर्तव्य र अधिकार :

क) कार्यसमितिले पेश गरेको योजना र वार्षिक बजेट पारित गर्ने ।

ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परीक्षण प्रतिवेदनबाट देखिएका अनियमित र बेरुजु रकमहरुमाथि छलफल गरी उक्त रकमहरु असुल उपर गर्नका लागि कार्यसमितिलाई निर्देशन दिने ।

ग) आगामी वर्षको लागि लेखा परीक्षण नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

घ) संस्थाको वार्षिक प्रगती विवरण र संस्थाले गरेका कार्यहरुको मुल्यांकन गरी कार्यसमितिलाई आवश्यक निर्देशिन दिने ।

ङ) कार्यसमितिबाट पेश भएका विधान संशोधन प्रस्ताव पारित गरी स्वीकृतिको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने ।

च) मानार्थ सदस्यता अनुमोदन गर्ने ।

छ) कार्यसमितिबाट संस्थाको हित अनुकुल भएका कार्यहरुको औचित्य हेरी अनुमोदन गर्ने ।

ज) संस्थाको आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेका कर्मचारी दरवन्दी, पारिश्रमिक तथा अन्य सेवा शर्त आवश्यकता अनुरुप स्वीकृत गर्ने ।

## १२. गणपूरक संख्या :

१. संस्थाको कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुको उपस्थित नभई साधारण सभा हुन सक्नेछैन ।

२. तर विधानको दफा १० (१) को खण्ड (घ) मा उल्लेख भए अनुरुप पुनः बोलाइएको साधारण सभा तथा अधिवेशनमा कुल सदस्य संख्याको ५१ प्रतिशत उपस्थित भएमा साधारण सभा गर्न बाधा पर्ने छैन ।

## १३. कार्यसमितिको गठन :

१. संस्थाका सदस्यहरुमध्ये अधिवेशनबाट निर्वाचित देहाय बमोजिमका पदाधिकारीहरु रहने गरी १७ सदस्यीय एक कार्य समिति गठन हुनेछ ।

अध्यक्ष - १

| | | |
|---|---|---|
| उपाध्यक्ष | - | २ |
| सचिव | - | १ |
| सह-सचिव | - | १ |
| कोषाध्यक्ष | - | १ |
| सह-कोषाध्यक्ष | - | १ |
| सदस्यहरु | - | १० |

तर संस्थाको प्रथम अधिवेशन भएर निर्वाचित कार्यसमितिको गठन नभएसम्म देहाय बमोजिमको तदर्थ समिति गठन गरिएको हुदा सोही समितिले कार्य गर्नेछ ।

**तदर्थ समिति :**

संयोजक १. प्रा.डा. ज्ञानबहादुर थापा

सदस्यहरु २. श्री अनन्त उप्रेती

३. श्री ओम कुमारी गाहा

४. श्री गोविन्द आधिकारी

५. श्री छवि ढुंगाना

६. प्रा.डा.दिनेश पन्थी

७. श्री विशेश्वर प्रसाद भट्ट

८. श्री युवराज गैरे

९. डा. रमेश चन्द्र तिम्सिना

१०. श्री शंकर परियार

सदस्य-सचिव ११. श्री गंगा राम डि.सी.

२. अधिवेशनबाट १५ सदस्यीय कार्यसमिति निर्वाचित हुनेछ र बाँकी २ सदस्य निर्वाचित कार्यसमितिले मनोनित गर्नेछ ।

३. अधिवेशन हुनुभन्दा अगाडि कार्यसमितिमा रहेको कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि कार्यसमितिद्वारा मनोनित गर्न सकिनेछ । उक्त सदस्यको कार्यकाल रिक्त भएको सदस्यको बाँकी रहेको कार्यकालसम्मको लागि मात्र हुनेछ ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउनेछ । तर कार्यसमितिका १/४ (एक चौथाई) पदाधिकारीले बैठक बोलाउन माग गरेमा अध्यक्षले सात दिन भित्र कार्यसमितिको बैठक बोलाउनु पर्नेछ ।

५. कार्यसमितिको कुल पदाधिकारीहरुको ५१% पदाधिकारी उपस्थित नभै कार्यसमितिको बैठक बस्ने छैन ।

६. कार्यसमितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको समेत अनुपस्थितिमा उमेरको आधारमा जेष्ठ सदस्यले गर्नेछ ।

७. कार्यसमितिमा बहुमतको निर्णय मान्य हुने र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्ने छ ।

८. कार्यसमितिको बैठकमा छलफल भएका विषयहरुको छुट्टै निर्णय किताब राखिनेछ र सो विवरणमा उपस्थित सम्पूर्ण सदस्यले सही गर्नुपर्ने छ तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्नेछ ।

९. संस्थाले गर्ने सम्पूर्ण कार्यहरु कार्यसमितिको निर्णयबाट हुनेछन ।

१०. यस विधानमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कार्यमा कार्य समितिका सम्पूर्ण पदाधिकारीहरु सहमत भएमा त्यस्तो सहमतिलाई पछि निर्णय पुस्तिकामा संलग्न गर्ने गरी त्यस्तो कार्य बैठक बिना पनि गर्न सकिने छ र त्यस्तो सहमतीलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिनेछ ।

**१४. कार्यसमितिको काम, कर्तव्य र अधिकार :**

कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको कार्यक्रम र अनुमानित बजेट साधारण सभामा प्रस्तुत गर्ने ।
२. साधारण सभा तथा अधिवेशनको निर्णय कार्यान्वयन गराउने ।
३. संस्थाको हितमा हुने उद्देश्य अनुरुपका कार्यक्रमहरु सञ्चालन गर्ने ।
४. संस्थाको उद्देश्य प्राप्तिको लागि उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग तथा प्रयोग गर्ने ।
५. संस्थाको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने एवं कार्य गर्न सुपरीवेक्षण र अनुसन्धान गर्ने ।
६. संस्थाको कोष र सम्पत्ति सुरक्षित राख्ने एवं बैंक खाता खोली सञ्चालन गर्ने ।
७. संस्थाका कर्मचारीहरुको सेवा, शर्त सुविधा आदि बारेमा कर्मचारी निर्देशिका बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने ।
८. संस्थाको उद्देश्य कार्यान्वयनका लागि उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति एवं उपसमिति गठन गर्ने तथा आवश्यकता अनुरुप कार्यको बाँडफाँड गर्ने ।
९. संस्थाको नेतृत्वदायी भूमिका बहन गर्ने ।

**१५. पद त्याग गर्न सक्ने :**

अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमिति समक्ष र अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

**१६. अन्य समितिहरु :**

१. यस विधानको प्रावधान भित्र रही संस्थाको कार्य सञ्चालनको लागि आवश्यकता अनुरुप कार्यसमितिले अन्य समिति वा उप–समितिहरु गठन गर्न सक्नेछ तर उक्त गठन भएका समिति उप–समितिहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।
२. उप–समितिको जिम्मेवारी र कार्यकाल कार्यसमितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-५
## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :

**१७.** कार्यसमितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**१. अध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) कार्यसमितिको अध्यक्षता गर्ने र बैठक सञ्चालन गर्ने ।
ख) संस्थाको नेतृत्व वहन गर्ने र निर्णायक मत दिने ।
ग) संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने र प्रतिनिधि तोक्ने ।
घ) आवश्यकता अनुसार बैठक बोलाउन सचिवलाई निर्देशन दिने ।
ङ) अन्य पदाधिकारीहरुलाई कामको बाँडफाँड गर्ने ।
च) अभिलेख प्रमाणित गर्ने एवं अन्य आवश्यक काम कारवाही गर्ने ।

**२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) अध्यक्षलाई सहयोग गर्ने ।
ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।
ग) अध्यक्षको अनुपस्थितिमा निजको काम गर्ने ।
घ) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने, तर अध्यक्षता गर्दा उमेर जेष्ठताको आधारमा गर्नु पर्नेछ ।

**३. सचिवको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको कार्यालयको रेखदेख र सञ्चालन गर्ने ।
ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।
ग) अभिलेख सुरक्षित राख्ने ।

घ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

**४. सह-सचिवको काम, कर्तव्य र अधिकार :**

क) सचिवलाई सहयोग गर्ने ।

ख) सचिवले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) सचिवको अनुपस्थितिमा निजको काम गर्ने ।

**५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) संस्थाको कोषको रेखदेख र सञ्चालन गर्ने ।

ख) साधारण सभामा वार्षिक आर्थीक प्रतिवेदन पेश गर्ने ।

ग) लेखा दुरुस्त राख्ने ।

घ) नियमित रुपमा वार्षिक लेखा परीक्षण गराउने ।

ङ) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।

**६. सह-कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

क) कोषाध्यक्षलाई सहयोग गर्ने ।

ख) कोषाध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने ।

ग) कोषाध्यक्षको अनुपस्थितिमा निजको काम गर्ने ।

**७. सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

क) कार्य समितिको बैठकमा नियमित उपस्थित हुने ।

ख) संस्थाको कार्यमा रचनात्मक भूमिका निर्वाह गर्ने ।

ग) अध्यक्षले दिएको अन्य जिम्मेवारी पुरा गर्ने

## परिच्छेद-६
## आर्थिक व्यवस्था

**१८. संस्थाको कोष :**

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष रहनेछ । उक्त कोषमा देहाय बमोजिम प्राप्त रकमहरु जम्मा हुनेछन् ।

क) सदस्यता वापतको प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

ख) कसैले स्वेच्छाले दिएको अनुदान तथा सहायता वापत प्राप्त रकम ।

ग) संस्थाको चल अचल सम्पत्तिको बिक्रिबाट प्राप्त रकम ।

घ) विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग वापत प्राप्त रकम ।

ङ) नेपाल सरकार एवं नेपाल सरकार मातहतका निकायबाट अनुदान एवं सहयोग वापत प्राप्त रकम।

च) संस्थाका सदस्यहरुबाट कुनै निश्चित कामको लागि संकलन भएको रकम ।

२. संस्थालाई प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

**१९. बैंक खाता सञ्चालन :** संस्थाको नाममा कुनै एक बैंक तथा वित्तीय संस्थामा एउटा छुट्टै खाता सञ्चालन गरिनेछ । संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्षको नामबाट खाता खोलिनेछ र कोषाध्यक्षको अनिवार्य हस्ताक्षर सहित कुनै एक जना गरी दुईजनाको संयुक्त हस्ताक्षरबाट सञ्चालन हुनेछ । संस्थाको रकम प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गर्नु पर्नेछ ।

**२०. कोषको रकम खर्च गर्ने प्रावधान :**

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको प्रावधान अपनाई खर्च गर्नु पर्नेछ ।

क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधीनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ ।

ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

**२१. संस्थाको लेखा र लेखा परीक्षण :**

१. प्रचलित कानून बमोजिम संस्थाको आय व्यय र लेखा स्पष्ट रुपमा राखिनेछ ।

२. संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट गराउनु पर्नेछ ।

३. विभागले चाहेमा जनुसुकै बखतमा पनि संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्ने छ ।

४. लेखा परीक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम अधिवेशन नभए सम्म लेखा परीक्षकको नियुक्ति कार्यसमितिले गर्नेछ ।

५. संस्थाको लेखा परीक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगती विवरणको १/१ प्रति विभागमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-७
## निर्वाचन सम्बन्धी

**२२. निर्वाचन सम्बन्धी व्यवस्था :**

१. कार्यसमितिको निर्वाचन प्रयोजनको लागि बढीमा ५ जनाको एक निर्वाचन समितिको गठन कार्यसमितिले गर्नेछ । उक्त निर्वाचन समितिलाई साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधि भित्र रहेर निर्वाचन कार्यविधि आफै निर्धारण गर्नेछ ।

३. निर्वाचन सम्बन्धी कुनै विवाद भएमा सो उपर निर्वाचन समितिले नै निर्णय गर्ने छ र सो निर्णय नै अन्तिम निर्णय हुनेछ ।

४. निर्वाचन सम्पन्न भई कार्यसमिति गठन भए पश्चात निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

**२३. उम्मेदवार हुन योग्यता :**

कार्यसमितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्दछ ।

क) परिच्छेद ३ को दफा ७ बमोजिमको योग्यता पुगेको व्यक्ति ।

ख) संस्थाको साधारण वा आजीवन सदस्य भई कम्तिमा १ वर्ष पुरा गरेको व्यक्ति । तर साधारण सदस्यको हकमा उम्मेदवार हुन ३ (तीन) बर्षसम्मको नवीकरण गरेको हुनु पर्नेछ ।

**२४. अविश्वासको प्रस्ताव :**

१. अविश्वासको प्रस्ताव लिखित रुपमा कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नु पर्नेछ ।

क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुन पर्नेछ ।

ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनु पर्नेछ ।

ग) सदस्यहरु मध्येबाट कम्तिमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना खुलाई हस्ताक्षर भएको हुनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम संस्थामा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी संस्थाका सम्पूर्ण पदाधिकारीहरु र सदस्यहरुलाई विधानको दफा १० (१) दफा (ग) बमोजिम सभा बस्ने सूचना दिनु पर्नेछ ।

३. अविश्वासको प्रस्ताव उपर छलफल गर्ने प्रक्रिया :

क) साधारण सभाको अध्यक्षता गर्ने व्यक्तिले दफा २४, उपदफा (१) बमोजिमको प्रस्ताव पेश गर्न अनुमति दिने छ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनु पर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

ख) दफा २४ को उपदफा (३) को खण्ड (क) बमोजिम अविश्वासको प्रस्ताव पक्षमा आफ्नो अभिमत प्रस्तुत गरे पछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमती दिन सक्ने छ ।

ग)  दफा २४ को उपदफा (१) बमोजिम जुन पदाधिकारी विरुद्ध अविश्वासको प्रस्ताव प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले उक्त पदाधिकारीलाई सफाई पेश गर्नको लागि आफ्ना भनाईहरु राख्न अनुमती दिनु पर्नेछ ।

४.  अविश्वासको प्रस्ताव माथि निर्णय :

१.  अविश्वासको प्रस्तावमा आ-आफ्ना भनाईहरु राख्ने क्रम समाप्त भए पछि अध्यक्षता गर्ने व्यक्तिले साधारण सभाको बहुमत अविश्वास प्रस्तावको पक्ष कि विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिम कुनै एक तरिका अपनाई अविश्वासको प्रस्ताव उपरको निर्णय गर्नेछ ।

क)  अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूह र विपक्षमा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर वा

ख)  संस्थाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२.  साधारण सभामा सहभागीको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका पदाधिकारीहरु पद मुक्त हुने छन् ।

३.  निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो पदाधिकारी उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

**२५.  विधान संशोधन :**

साधारण सभामा सहभागी कुल सदस्य संख्याको दुई  तिहाई सदस्यहरुले अनुमोदन गरेपछि मात्र संस्थाको विधानमा कुनै दफा संसोधन वा थप वा खारेज भए पश्चात् मात्र विधान संशोधन भएको मानिनेछ ।

**२६.  कर्मचारीको व्यवस्था :**

क)  संस्थाको दैनिक कार्य सञ्चालन, योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि आवश्यक कर्मचारी, दरवन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र सेवा शर्त सम्बन्धी व्यवस्था कार्यसमितिले तोक्नेछ ।

ख)  संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाको कार्यक्रम कार्यान्वयनको लागि विदेशी सल्लाहकार वा स्वयंसेवक राख्नुपर्ने अवस्था भएमा निजले काम गर्ने अवधि पुऱ्याउने सेवा कामको औचित्य र निजले प्राप्त गर्ने सुविधा निजको योग्यता समेतको विवरण विभागलाई जानकारी दिई साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२७.  संस्था खारेजी :**

१.  साधारण सभाले आवश्यक देखेमा दुई तिहाइ सदस्यद्वारा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न विभागमा सिफारिस गर्न सक्नेछ ।

२.  उपदफा (१) बमोजिम संस्थाको खारेजी प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामको लागि समिति गठन गर्न सक्नेछ ।

३.  कारणवश संस्था विघटन भै खारेज भएमा संस्थाको दायित्व फरफारक गरी बाँकी रहेको सम्पूर्ण जायजेथा विभागको हुनेछ ।

**२८.  व्याख्या :** यो विधान र विधान अर्न्तगत बनेको कार्यप्रणाली व्याख्या गर्ने अधिकार विभागलाई हुनेछ ।

**२९.  गोप्यता भंग गर्न नहुने :** संस्थाका कुनै पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य एवं गोप्यता भंग गर्नु हुँदैन, साथै कार्य समितिका पदाधिकारी वा सदस्यहरुले बैठक वा साधारण सभा तथा अधिवेशनमा असभ्य र अश्लील शब्दको प्रयोग गर्न पाउने छैनन् ।

**३०.  तदर्थ समितिको काम, कर्तव्य र अधिकार :**

१.  संस्थाको स्थापना गरी दर्ता गराउनको लागि संस्थाको विधानको दफा १३ मा रहेको तदर्थ समितिले ९ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसार निर्वाचन समिति गठन गरी नयाँ कार्य समितिको गठन गर्नेछ ।

२.  प्रथम पटक निर्वाचन सम्पन्न नभए सम्मको अवस्थामा तदर्थ कार्यसमितिले गरेका काम कारवाहीहरु यसै विधान सरह भएको मानिने छ ।

**३१.**  "गणित केन्द्रीय विभाग अल्मुनाई एसोसिएसन, नेपाल" को संरक्षक गणित केन्द्रीय विभागको प्रमुख हुनेछन् ।

**३२.** हामी "गणित केन्द्रीय विभाग अल्मुनाई एसोसिएसन, नेपाल" का निम्न संस्थापक सदस्यहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर गरी सहिछाप गरेका छौं ।

**३३.** संस्थापकहरुको नाम, थर र ठेगाना

| सि.नं. | नाम | प्द | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | प्रा.डा. ज्ञानबहादुर थापा | संयोजक | महालक्ष्मी - २, ललितपुर | |
| २. | श्री अनन्त उप्रेती | सदस्य | बरहथवा - १५, सर्लाही | |
| ३. | श्री ओम कुमारी गाहा | सदस्य | तिलोत्तमा - ७, रुपन्देही | |
| ४. | श्री गोविन्द अधिकारी | सदस्य | तिलोत्तमा - ८, रुपन्देही | |
| ५. | श्री छवि ढुंगाना | सदस्य | हल्दीबारी - १, झापा | |
| ६. | प्रा.डा.दिनेश पन्थी | सदस्य | वनेपा न.पा.- ८, काभ्रेपलान्चोक | |
| ७. | श्री विशेश्वर प्रसाद भट्ट | सदस्य | अजयमेरु - २, डडेल्धुरा | |
| ८. | श्री युवराज गैरे | सदस्य | तिलोत्तमा - ७, रुपन्देही | |
| ९. | डा. रमेश चन्द्र तिम्सिना | सदस्य | हिलिहाङ्ग - ७, पाँचथर | |
| १०. | श्री शंकर परियार | सदस्य | भानु - ७, तनहुँ | |
| ११. | श्री गंगा राम डि.सी. | सदस्य-सचिव | बागचौर - ३, सल्यान | |

अनुसूची- १

विधानको दफा ३ सँग सम्बन्धित यस संस्थाको छाप देहाय बमोजिमको हुनेछ ।